# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०८१।०५।१३ गते।

## प्रेस विज्ञप्ति

**विषयः** प्रतिवादी दशरथ शर्मा पराजुलीसमेत रहेको भ्रष्टाचार मुद्दामा विशेष अदालतबाट भएको फैसलाउपर आयोगलाई चित्त नबुझी सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएको।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट सिर्जना सामुदायिक वन उपभोक्ता समूह, कोहलपुर-१२, बाँकेको कोषबाट आ.व. २०७१।०७२ र २०७२।०७३ मा भ्यूटावर निर्माणको लागि रु. १५,०८,६०९।- खर्च गरी असुरक्षित तथा गुणस्तरहीन भ्यूटावर निर्माण गरी सार्वजनिक सम्पत्ति हिनामिना गरेकोले वन उपभोक्ता समूहका अध्यक्ष दशरथ शर्मा पराजुली, कोषाध्यक्ष बिनु कुमारी पाण्डे र सचिव दिल माया रानालाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ को कसूरमा सोही ऐनको दफा १७ मा उल्लेख भए बमोजिम भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र ऐ.दफाको उपदफा (१) को खण्ड (च) बमोजिम बिगो रु. १५,०८,६०९।– कायम गरी कैद सजाय र विगो बमोजिम जरिवाना हुन एवं भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिम हानिनोक्सानी बिगो असुल उपर हुन मागदाबी लिई विषेश अदालतमा मुद्दा दायर गरिएकोमा प्रतिवादीहरुलाई विशेष अदालतबाट मिति २०८०।०८।२७ मा निम्न आधारहरुमा सफाई दिएकोः

- प्रतिवादीहरु सार्वजनिक संस्थाको पदाधिकारीहरु रहेतापनि जन श्रमदान समेत गरी उक्त भ्यूटावर वास्तविक लागत भन्दा न्यून लागतमा निर्माण गरेकोले प्रतिवादीहरुले समूहको रकम हिनामिना गरेको वा खाए मासेको नदेखिएको।
- सिर्जना सामुदायिक वन उपभोक्ता समूहका निजी श्रोतबाट प्रतिवादीहरुले भ्यूटावर निर्माण गरेकोले सार्वजनिक खरिद ऐन,२०६३ बमोजिमको खरिद विधि र प्रकृया पालना गर्नुपर्ने कानूनी बाध्यता नरहेको अवस्थामा जन श्रमदान, दान, दातब्य समेतबाट प्राप्त आयबाट वास्तविक लागत रु.३१,७७,९९१।५९ भन्दा कम लागतमा नै टावर निर्माण गरेको देखिंदा प्रतिवादीहरु उपर आरोपदावी पुग्न सक्ने नदेखिएको।
- सङ्घीय आयोजना कार्यान्वयन इकाईबाट गरिएको भ्यूटावरको मूल्याङ्कन, डिभिजन वन कार्यालयबाट बिभिन्न मितिमा लेखिएको पत्रहरु, सो कार्यालयका पुष्पराज वर्तौला समेतको बकपत्र तथा सिर्जना सामुदायिक वन उपभोक्ता समितिका बिभिन्न मितिका निर्णयहरुबाट आरोपदावी बमोजिम प्रतिवादीहरुले लापरबाही गरी सार्वजनिक सम्पत्तिको हानिनोक्सानी गरेको पुष्टि हुन नसकेको।

विषेश अदालतको उक्त फैसलाउपर चित्त नबुझी आयोगबाट देहायका आधारहरु लिई सम्मानित सर्वोच्च अदालतमा मिति २०८१/०५/१३ मा पुनरावेदन गरिएको छ ।

**देहायः**

क. सिर्जना सामुदायिक वन उपभोक्ता समूह, बाँकेद्वारा मचान बनाउने भनी डिभिजन वन कार्यालयबाट स्वीकृति लिई ८ तले भ्यूटावरको निर्माण गरेको र सो भ्यूटावर सम्बन्धित प्राविधिक विज्ञद्वारा प्रमाणित नगरी खेस्रा नक्साको भरमा निर्माण गरेको खुल्न आएको प्रष्ट देखिंदा देखिंदै तथ्य र कागजात न्यायको रोहमा हेरी विचार गरी फैसला गर्नुपर्नेमा विशेष अदालतबाट त्यसो गरेको नदेखिंदा उक्त फैसला त्रुटिपूर्ण भै बदरभागी रहेको।

ख. मिति २०७२।०८।२० मा भएको वार्षिक साधारण सभा, सार्वजनिक सुनुवाइ तथा जनलेखा परीक्षण र भ्यूटावरको उद्घाटन भएको देखिएकोले सो समूहले भ्यूटावर बनाउने निर्णय आम भेलाबाट गरेको नभई उक्त कार्यसमितिको

निर्णयबाट अगाडि बढाएको देखिएकोले उपभोक्ता समूहको निजी लाभको लागि कार्य गरेको स्पष्ट देखिनुका साथै मिसिल संलग्न सबूद प्रमाण एवं तथ्यलाई नजरअन्दाज भएको देखिंदा विशेष अदालतबाट भएको फैसला त्रुटिपूर्ण रहेको।

ग. डोर हाजिरी विवरण भ्यूटावर निर्माण गर्दाको श्रमदान नै हो भनी भन्न सकिने अवस्था समेत नदेखिएको तथा उक्त भ्यूटावर निर्माणमा प्रस्ट हिसाब किताब रहेको स्रेताबाट नदेखिंदा आर्थिक अनियमितता भएको मान्नु पर्नेमा त्यसतर्फ ध्यान नै नदिई भएको फैसला त्रुटिपूर्ण रहेको।

घ. भ्यूटावरमा आ.व. २०७१/०७२ मा रु. ७,७६,७१९।- र आ.व. २०७२/०७३ मा रु. ७,३१,८९०।- गरी कूल रकम रु. १५,०८,६०९।–खर्च भएको देखिएको छ। यसरी सिर्जना सामुदायिक वन उपभोक्ता समूह, बाँकेले उक्त मचान निर्माणको लागि रु. ८,७४,५२८/४१ नगद र रु. ७,५२,०००।- श्रमदान गरी कूल रु.१६,२६,५२८/४१ मा सो योजना सम्पन्न भएको भनी पेश गरेको विवरणमा सत्यता नदेखिएको। योजनामा बजेट गोलमोटल रुपमा खर्च गरी आर्थिक अनियमितता र हिनामिना भएको प्रष्ट हुँदाहुदै वास्तविक लागत रु.३१,७७,९९१।५९ भएकोमा जन श्रमदानसमेत गरी न्यून लागतमा सो भ्यूटावर निर्माण गर्दा यी प्रतिवादीहरुले समूहको रकम हिनामिना गरेको वा खाए मासेको नदेखिएको भनी मिसिल संलग्न सबूत प्रमाणको न्यायिक विश्लेषण र विवेचना नगरी प्रतिवादीहरुलाई सफाई दिने गरी भएको फैसला त्रुटिपूर्ण रहेको।

ङ. सार्वजनिक खरिद ऐन, नियमावली विपरीत समूहको आन्तरिक स्रोतबाट निर्माण भएको भनिएको उक्त भ्यूटावरको लागत अनुमान, डिजाइन, नापी, कार्य सम्पन्न प्रतिवेदन समेत तयार नगरी मचान बनाउन अनुमति मागी उक्त ठाउँमा आठ तलाको पक्की संरचना भ्यूटावर निर्माण गरेको हुँदा कैफियत भएको हुन सक्ने देखियो भनी स्थलगत प्रतिवेदन पेस गरेको देखिंदा सार्वजनिक रकम खर्च गर्दा प्रचलित ऐन नियमले निर्देश गरेको कार्यविधि अनुसार गर्नुपर्नेमा निज प्रतिवादीहरुले सो नगरी बदनियतपूर्वक कार्य गरेको तथ्यलाई विशेष अदालतबाट फैसला गर्दा अध्ययन विश्लेषण एवं सबूद प्रमाणको न्यायोचित मूल्याङ्कन हुन नसकेको।फलस्वरुप विशेष अदालतबाट प्रतिवादीहरुले सिर्जना सामुदायिक वन उपभोक्ता समूहको निजी श्रोतबाट भ्यूटावर निर्माण गरेकोले सार्वजनिक खरिद ऐन,२०६३ बमोजिमको खरिद विधि र प्रकृया पालना गर्नुपर्ने कानूनी बाध्यता रहेको नदेखिएको भनी सार्वजनिक खरिद ऐन,२०६३ र भ्रष्टाचार निवारण ऐन, २०५९ लाई निरपेक्ष रुपमा लिई विधायिकी मनसाय विपरीत गलत ब्याख्या गरी प्रतिवादीहरुलाई सफाई दिने गरी भएको फैसला त्रुटिपूर्ण भई बदरभागी रहेको।

च. सङ्घीय आयोजना कार्यान्वयन इकाई, नेपालगन्ज, बाँकेबाट सो भ्यूटावर निर्माण कार्यको रु. ३१,७७,९९१.५९ बराबरको मूल्याङ्कन भएको उल्लेख गरेको तथा शहरी विकास तथा भवन निर्माण विभाग, बबरमहल, काठमाडौंबाट सो भ्यूटावरको स्ट्रक्चरल विश्लेषण गरी पेश गरेको राय सहितको प्रतिवेदनमा सिर्जना वन उपभोक्ता समूह, कोहलपुर, बाँकेबाट कोहलपुर-१२, रोहिणीमा निर्मित ८ तले भ्यूटावर स्ट्रक्चरल रूपमा सुरक्षित नभएको राय सहित Structural Condition Assessment of a View Tower, Kohalpur-१२, Banke, Final Report on Soil Investigation Works for View Tower at Kohalpur, Banke र Report on Non Destructive Test of View Tower at Kohalpur, Banke भन्ने प्रतिवेदनहरू पेस गरेको देखिए समेतबाट यस स्थितिमा कानून बमोजिम View Tower निर्माण भएको नदेखिंदा विशेष अदालतबाट न्यायीक विवेचना र विश्लेषण नगरी त्रूटिपूर्ण फैसला गरेकोले बदरभागी रहेको।

प्रवक्ता
नरहरि घिमिरे

## देहायः

| सि.न | प्रतिवादीहरु | मुद्दा | आयोगको मागदावी | विशेष अदालतको फैसला र आधार | आयोगबाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु |
|---|---|---|---|---|---|
| १ | **दशरथ शर्मा पराजुली समेत भएको** (वि.अ. को( मुद्दा नं. ०७९-CR-००३६ वि.अ. को फैसला मिति २०८०।०८।२७ | मचान निर्माणको नाममा सरकारी रकम हिनामिना गरी भ्रष्टाचार गरेको। | सिर्जना सामुदायिक वन उपभोक्ता समूह, कोहलपुर-१२, बाँकेको कोषबाट आ.व. २०७१।०७२ र २०७२।०७३ मा भ्यूटावर निर्माणको लागि सो समूहले कूल रकम रु. १५,०८,६०९।- खर्च गरी गुणस्तरहीन निर्माण कार्य गरी सार्वजनिक सम्पत्तिको दुरुपयोग गरेको देखिँदा सरकारी रकम दुरुपयोग हुने गरी लागत अनुमान र नक्सा वेगर मचान भनि असुरक्षित तथा गुणस्तरहीन भ्यूटावर निर्माण गर्ने प्रतिवादीहरु सिर्जना सामुदायिक वन उपभोक्ता समूहको अध्यक्ष दशरथ शर्मा पराजुली, कोषाध्यक्ष बिनु कुमारी पाण्डे र सचिव दिल माया रानाको उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ को कसूर भएको देखिँदा प्रतिवादी दशरथ शर्मा पराजुली, बिनु कुमारी पाण्डे र दिल माया रानालाई सोही दफा १७ मा | **१. फैसलाः**<br>विशेष अदालतबाट सम्पुर्ण प्रतिवादीहरु दशरथ शर्मा पराजुली, बिनु कुमारी पाण्डे र दिल माया रानालाई आरोपित कसूरवाट सफाई पाउने ठहर गरी फैसला भएको<br>**२. विशेष अदालतले फैसला गर्दा लिएका मूल बुदा एबं आधारहरु :**<br>क) प्रतिवादीहरु सार्वजनिक संस्थाको पदाधिकारीहरु रहेतापनि उक्त भ्यूटावर वास्तविक लागत रु.३१,७७,९९१।५९ भएकोमा जन श्रमदान समेत गरी न्यून लागतमा सो भ्यूटावर निर्माण गर्दा यी प्रतिवादीहरुले समूहको रकम हिनामिना गरेको वा खाए मासेको नदेखिएको।<br>ख) प्रतिवादीहरुले आफूलाई गैरकानूनी लाभ र संस्थालाई हानि नोक्सानी पुऱ्याउने बदनियतले कार्य गरेको स्थापित हुन नसकेको तथा संस्थाको सम्पत्ति हानि नोक्सानी भएको अबस्था नदेखिएको।<br>ग) प्रतिवादीहरुले सिर्जना सामुदायिक वन उपभोक्ता समूहको निजी श्रोतबाट भ्यूटावर निर्माण गरेकोले सार्वजनिक खरिद ऐन,२०६३ बमोजिमको खरिद विधि र प्रकृया पालना गर्नुपर्ने कानूनी बाध्यता रहेको नदेखिएको अवस्थामा जन श्रमदान ,दान,दातब्य समेतबाट प्राप्त आयबाट बास्तविक लागत भन्दा कम लागतमा नै टावर निर्माण गरेको देखिंदा प्रतिवादीहरु उपरको भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा १७ बमोजिमको आरोपदावी पुग्न सक्ने नदेखिएको।<br>घ) मिसिल संलग्न सङ्घीय आयोजना कार्यान्वयन इकाईबाट गरिएको | क) प्रतिवादीहरु सार्वजनिक संस्थाको पदाधिकारीहरु रहेको विशेष अदालतले पनि स्वीकार गरेको देखिन्छ। सार्वजनिक संस्थाका पदाधिकारीहरुले गरेको निर्माणसंग सम्बन्धित यति ठूलो बजेट खर्च गर्ने योजनाको कार्य आर्थिक ऐन नियम बमोजिमका विधि प्रकृयाको पूर्ण परिपालना गर्नु पर्नेमा विवाद छैन। स्रोत जुनसुकै प्रकारको अनुदान, चन्दा, दान दातब्यबाट प्राप्त भएको होस् सार्वजनिक कामकोलागि सार्वजनिक पदाधिकारीहरुले त्यस्तो रकम खर्च गर्दा आर्थिक ऐन नियमको परिधि भित्र रहि आर्थिक ऐन नियमले तोकेको विधि प्रकृया अनुसार नै खर्च गर्नु पर्ने हुन्छ। यस भ्यूटावर निर्माणको कार्यमा सरकारी बजेट समेत परेको प्रष्ट छ। सिर्जना सामुदायिक वन उपभोक्ता समूह, कोहलपुर-१२, बाँकेको आर्थिक वर्ष २०७१।०७२ को वार्षिक कार्यक्रम र बजेटमा सो मचान निर्माण गर्ने सम्बन्धी विनियोजन गरेको नदेखिएता पनि लेखा परीक्षण प्रतिवेदनमा संस्थागत शीर्षकमा रु. ७,७६,७१९।- रकम खर्च भएको देखिएको छ। आ.व. २०७२/०७३ को वार्षिक कार्यक्रम र बजेटमा भने भ्यूटावर तयार गरिने उल्लेख गरिएको र सो को लागि रु. ३,१०,०००।- अनुमानित खर्च भनी व्यवस्था गरिएको देखिएकोमा लेखा परीक्षण प्रतिवेदनमा पिकनिक स्थल, बन बाटिका र भ्यूटावर निर्माणमा जम्मा खर्च रु. १९,२१,८१०।- र कोहलपुर नगरपालिकाबाट अनुदान रकम रु. १२,८९,६८९।- जम्मा आय उल्लेख गरेको देखिएको छ। सिर्जना सामुदायिक वन उपभोक्ता समूह, बाँकेद्वारा मचान बनाउने भनि डिभिजन बन कार्यालयबाट स्वीकृति लिई ८ तले भ्यूटावरको निर्माण गरेको र सो भ्यूटावर सम्बन्धित प्राविधिक विज्ञद्वारा प्रमाणित नगरी खेस्रा नक्साको भरमा निर्माण गरेको खुल्न आएको प्रष्ट देखिंदा देखिंदै ति तथ्य र कागजात न्यायको रोहमा हेरी विचार गरी फैसला गर्नु पर्नेमा विशेष अदालतबाट त्यसो गरेको नदेखिंदा उक्त फैसला त्रुटिपूर्ण भै बदरभागी छ।<br>ख) सिर्जना सामुदायिक वन उपभोक्ता समूह, बाँकेले मिति २०७१।१०।२६ गते वार्षिक कार्यक्रम अनुसार आय आर्जन वृद्धि र पर्यटन प्रवर्दनको लागि भ्यूटावर निर्माण गर्ने निर्णय गरेको देखिदा पछि गएर भ्यूटावर नामाकरण गरेको नभई सुरु देखि नै सो समूहको भ्यूटावर बनाउने योजना रहेको पुष्टि भएको देखिएको छ। यसरी पूर्व योजना अनुसार साथै, मिति २०७२।८।२० मा भएको वार्षिक साधारण सभा, सार्वजनिक सुनुवाइ तथा जनलेखा परीक्षण र भ्यूटावरको उद्धाटन कार्यक्रमबाट वार्षिक कार्यक्रम तथा बजेटमा भ्यूटावर निर्माणको लागि बजेट नछुट्याई निर्माण भएकोमा अब उप्रान्त यस किसिमका निर्माण कार्य गर्दा बजेट विनियोजन गरेर मात्र गर्ने प्रतिबद्धता गरेको तथा सोही भेलाबाट निर्माण खर्च रु. ७,७६,७१९।- अनुमोदन गरेको देखिएकोले सो समूहले भ्यूटावर बनाउने निर्णय आम भेलाबाट गरेको नभई उक्त कार्यसमितिको मात्र निर्णयबाट अगाडी बढाएको देखिएकोले उपभोक्ता समूहको निजी लाभकोलागि कार्य गरेको स्पष्ट भई बदनियत रहेको प्रष्ट देखिनुका साथै मिसिल संलग्न उल्लिखित सबूद प्रमाण एवं तथ्यलाई नजरअन्दाज भएको देखिंदा विशेष अदालतबाट भएको फैसला त्रुटिपूर्ण छ।<br>ग) पिकनिक स्थल, वन वाटिका तथा भ्यूटावर निर्माण गर्दा भएका खर्चका बिल भरपाईहरू भ्यूटावर/मचानको मात्र नरहेको हुँदा उक्त भ्यूटावरको खर्च छुट्याउन नसकिने तथा गोलमोटल गरी गोश्वारा रुपमा स्रेस्ता राखेको देखिदा आर्थिक पारदर्शिता नगराउने बदनियतले आम्दानी खर्चको वास्तविक हिसाब किताबको स्रेस्ता नराखुका साथै डोर हाजिरी समेत एक महिनाको मात्र रहेको देखिएको छ। उक्त भ्यूटावर कम्तीमा ६ देखि ७ महिना लगाइ निर्माण गरेको निर्णयहरूबाट देखिएकोले उक्त डोर हाजिरी विवरण भ्यूटावर निर्माण गर्दाको श्रमदान नै हो भनी भन्न सकिने अवस्था समेत नदेखिएको तथा उक्त भ्यूटावर निर्माणमा प्रस्ट हिसाब किताब रहेको स्रेताबाट नदेखिदा आर्थिक अनियमितता भएको मान्नु पर्नेमा त्यस तर्फ ध्यान नै नदिई भएको फैसला त्रुटिपूर्ण भै बदरभागी छ।<br>घ) उक्त वन उपभोक्ता समूहको आ.व. २०७१।०७२ को लेखा परीक्षण प्रतिवेदनमा संस्थागत व्यय रु. ७,७६,७१९।- रहेको, मिति २०७२।०८।२० मा सो समूहले गरेको वार्षिक साधारण सभा, सार्वजनिक सुनुवाइ, जनलेखा परीक्षण तथा भ्यूटावर उद्घाटन कार्यक्रममा सो भ्यूटावरको आ.व. २०७१।०७२ को वार्षिक खर्च रु. ७,७६,७१९।- देखिएको, आर्थिक वर्ष २०७२।०७३ को लेखा परीक्षण प्रतिवेदनमा पिकनिक स्थल, बन बाटिका र भ्यूटावर निर्माणको लागि रु. १९,२१,८१०।- खर्च भएकोमा सो आ.व.मा कोहलपुर नगरपालिकाबाट पिकनिक स्थल, बन बाटिका निर्माणको लागि रु. ११,८९,९२०।- भुक्तानी दिएको देखिएबाट आ.व. २०७२।०७३ मा उक्त भ्यूटावरमा रु. ७,३१,८९०।– खर्च भएको कागज प्रपाणहरुबाट |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | उल्लेख भए बमोजिम भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र ऐ. दफाको उपदफा (१) को खण्ड (च) बमोजिम बिगो रु. १५,०८,६०९।– कायम गरी कैद सजाय र बिगो बमोजिम जरिवाना हुन एवं भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिम हानि नोक्सानी भएको रकम रु.१५,०८,६०९।- (अक्षरूपी पन्ध्र लाख आठ हजार छ सय नौ रुपैयाँ मात्र) समेत निज प्रतिवादीहरूबाट असूल उपर हुन मागदावी | भ्यूटावरको मूल्याङ्कन,डिभिजन वन कार्यालयबाट अनुसन्धानको क्रममा विभिन्न मितिमा लेखिएको पत्रहरु, डिभिजन वन कार्यालयका पुष्पराज वर्तौला समेतको बकपत्र तथा सिर्जना सामुदायिक वन उपभोक्ता समितिका विभिन्न मितिका निर्णयहरु समेतबाट आरोपदावी बमोजिम प्रतिवादीहरुले बदनियत वा लापरबाही गरी सार्वजनिक सम्पत्तिको हानि नोक्सानी गरेको पुष्टि हुन नसकेको। | देखियो। सो भ्यूटावरमा आ.व. २०७१/०७२ मा रु. ७,७६,७१९।- र आ.व. २०७२/०७३ मा रु. ७,३१,८९०।- गरी कूल रकम रु. १५,०८,६०९।– खर्च भएको देखिएको छ। यसरी सिर्जना सामुदायिक वन उपभोक्ता समूह, बाँकेले मिति २०७५।०२।२१, च.नं. ११४ को पत्रबाट उक्त मचान निर्माणको लागि रु. ८,७४,५२८/४१ नगद र रु. ७,५२,०००।- श्रमदान गरी कूल रु. १६,२६,५२८/४१ मा सो योजना सम्पन्न भएको भनि यो समूहले पेश गरेको विवरणमा सत्यता नदेखिएको। योजनामा बजेट गोलमोटल रुपमा खर्च गरी आर्थिक अनियमितता र हिनामिना भएको प्रष्ट हुदाहदै वास्तविक लागत रु.३१,७७,९९१।५९ भएकोमा जन श्रमदानसमेत गरी न्यून लागतमा सो भ्यूटावर निर्माण गर्दा यी प्रतिवादीहरुले समूहको रकम हिनामिना गरेको वा खाए मासेको नदेखिएको भनि मिसिल संलग्न सबूत प्रमाणको न्यायिक विश्लेषण र विवेचना नगरी प्रतिवादीहरुलाई सफाई दिने गरी भएको फैसला त्रुटिपूर्ण देखिंदा बदरभागी छ।<br>ङ) आयोगको कार्यालय, नेपालगन्जका इन्जिनियर शितल श्रेष्ठले मिति २०७४।१२।३० मा पेस गरेको स्थलगत प्रतिवेदनमा सो योजनाको फ्रन्ट इलिभेसन र ग्राउन्ड फ्लोर प्लान मात्र उपलब्ध भएको, उक्त भ्यूटावर कुनै डिजाइन, लागत इष्टिमेट, सम्झौता बिना नै निर्माण भएको, सो निर्माण कार्यको नापी किताब तथा कार्य सम्पन्न प्रतिवेदन समेत तयार नभएको, सो संरचनाको स्थलगत अनुगमन गर्दा उक्त संरचना करिब ८० फिट उचाइको रहेको, बाहिरी परिधिमा ६ वटा र बीचमा एउटा गरी जम्मा ७ वटा पिल्लरहरू रहेको, प्रत्येक पिल्लरमा १६ एम.एम.को ६ वटा रिबार प्रयोग भएको देखिएको भन्ने समेत व्यहोराको स्थलगत प्रतिवेदन आयोगको कार्यालय, नेपालगन्जमा पेस गरेको देखिन्छ। अख्तियार दुरुपयोग अनुसन्धान आयोग, टंगालका इन्जिनियर रोशन दास समेतले स्थलगत अनुगमन गरी मिति २०७६।०५।१८ मा प्रतिवेदन पेश गर्दा सार्वजनिक खरिद ऐन, नियमावली विपरीत समूहको आन्तरिक स्रोतबाट निर्माण भएको भनिएको उक्त भ्यूटावरको लागत अनुमान, डिजाइन, नापी, कार्य सम्पन्न प्रतिवेदन समेत तयार नगरी मचान बनाउन अनुमति मागी उक्त ठाउँमा आठ तलाको पक्की संरचना भ्यूटावर निर्माण गरेको हुँदा कैफियत भएको हुन सक्ने देखियो भनी स्थलगत प्रतिवेदन पेस गरेको देखिदा सार्वजनिक रकम खर्च गर्दा प्रचलित ऐन नियमले निर्देश गरेको कार्यविधि अनुसार गर्नु पर्नेमा निज प्रतिवादीहरुले सो नगरी बदनियतपूर्वक कार्य गरेको तथ्यलाई विशेष अदालतबाट न्यायोचित तवरले फैसला गर्दा अध्ययन विश्लेषण एवं सबूद प्रमाणको न्यायोचित मूल्याङ्कन हुन सकेको देखिएन।फलस्वरुप विशेष अदालतबाट प्रतिवादीहरुले सिर्जना सामुदायिक वन उपभोक्ता समूहको निजी श्रोतबाट भ्यूटावर निर्माण गरेकोले सार्वजनिक खरिद ऐन,२०६३ बमोजिमको खरिद विधि र प्रकृया पालना गर्नुपर्ने कानूनी बाध्यता रहेको नदेखिएको भनि सार्वजनिक खरिद ऐन,२०६३ र भ्रष्टाचार निवारण ऐन, २०५९ लाई निरपेक्ष रुपमा लिई विधायिकी मनसाय विपरीत गलत ब्याख्या गरी प्रतिवादीहरुलाई सफाई दिने गरी भएको फैसला त्रुटिपूर्ण हुँदा बदरभागी छ।<br>च) सङ्घीय आयोजना कार्यान्वयन इकाई, नेपालगन्ज, बाँकेको मिति २०७७।१२।१९, च.नं ७१७, प.सं. २०७७।०७८को पत्र बाट सो भ्यूटावर निर्माण कार्यको मूल्याङ्कन गर्न लगाई कूल रु. ३१,७७,९९१.५९ बराबरको मूल्याङ्कन भएको उल्लेख गरेको तथा शहरी विकास तथा भवन निर्माण विभाग, बबरमहल, काठमाडौंको २०७९।०३।२२ च.नं. १०४६ र मिति २०७९।०४।०६, च.नं ७७९ को पत्रबाट सो भ्यूटावरको स्ट्रक्चरल विश्लेषण गरी राय सहितको प्रतिवेदन उपलब्ध गराउन सो विभागका सि.डि.ई. मनोज नकर्मीको संयोजकत्वमा समिति गठन गरी सो कार्यको लागि आवश्यक परीक्षण गरी आधारभूत कागजातहरू तयार गरी सोको आधारमा सिर्जना वन उपभोक्ता समूह, कोहलपुर, बाँकेबाट कोहलपुर-१२, रोहिणीमा निर्मित ८ तले भ्यूटावर स्ट्रक्चरल रूपमा सुरक्षित नभएको राय सहित Structural Condition Assessment of a View Tower, Kohalpur-१२, Banke, Final Report on Soil Investigation Works for View Tower at Kohalpur, Banke र Report on Non Destructive Test of View Tower at Kohalpur, Banke भन्ने प्रतिवेदनहरू पेस गरेको देखिए समेतबाट यस स्थितिमा कानून बमोजिम View Tower निर्माण भएको नदेखिंदा विशेष अदालतबाट न्यायीक विवेचना र विश्लेषण नगरी त्रुटिपूर्ण फैसला गरेकोले बदरभागी छ।<br>छ) प्रतिवादीहरु सिर्जना सामुदायिक वन उपभोक्ता समूहका पदाधिकारीहरू समूहका अध्यक्ष दशरथ शर्मा पराजुली, कोषाध्यक्ष बिनु कुमारी पाण्डे र सचिव दिल माया रानाले वयानको क्रममा प्रचलित खरिद ऐन र नियमावली, लागत ईष्टिमेट, डिजाइन, नक्सा नापी किताब तयार गर्ने, आदी सम्बन्धमा समूह सँग प्राविधिक कर्मचारी र ज्ञानको कमीले गर्दा उक्त निर्माण कार्यको लागत इष्टिमेट, डिजाइन, नक्सा, नापी किताब र कार्य सम्पन्न प्रतिवेदन तयार नगरिएको, समुदाय स्तरमा मचान बनाउँदा मापदण्ड पुऱ्याउनु पर्छ भन्ने जानकारी नभएकोले मापदण्ड पुऱ्याउने तर्फ ध्यान नगएको, समुदाय भित्र लामो समय भवन बनाउने मिस्त्री |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | रहेका र समितिका केही पदाधिकारीहरू पनि अनुभवी भएका कारण प्राविधिक सहायताको खोजी नगरिएको, आफ्नो अनुभव र ज्ञानको आधारमा बनाइएको भनि गरेको साबिती बयानबाट गैर कानूनी कार्य भए गरेकोमा विवाद नदेखिएको। सिर्जना सामुदायिक वन उपभोक्ता समूह नै सो मचान/भ्यूटावर निर्माणमा प्रत्यक्ष संलग्न र जिम्मेवार रहेको देखिएकोले सो भ्यूटावर निर्माणको लागि सो समूहले प्राविधिक विज्ञको सहयोग नलिई सामान्य मिस्त्री र खेस्रा नक्साको भरमा कूल रकम रु. १५,०८,६०९।– खर्च गरी गुणस्तरहीन तथा असुरक्षित मचान/भ्यु टावर निर्माण गरेको देखिई उक्त मचानको नाममा निज प्रतिवादीहरुले सरकारी रकम हिनामिना गरी भ्रष्टाचारजन्य कसूर गरेको स-प्रमाण पुष्टि हुन आएको छ। यसै सन्दर्भमा "कानूनको अज्ञानता क्षम्य हुँदैन भन्ने कानून तथा न्यायको मान्य आधारभूत सिद्धान्त हो (मुलुकी अपराध संहिता २०७४ दफा ८, मुलुकी देवानी संहिता, २०७४ दफा ५)। यद्यपि दिनानुदिन नयाँ नयाँ बन्ने कानून, लगातार प्रतिपादित हुने नयाँ नयाँ नजिर, कानूनी सिद्धान्त लगायतबाट दिनानुदिन कानूनले आफ्नो आकार, क्षेत्र व्यापक पार्दै पहुँच बढाई जटिल भै रहेको स्थितिमा कानूनको सहि र यथार्थ ज्ञान कानूनका विशेषज्ञ वा विज्ञ व्यक्तिहरु समेतलाइ हुन सकेको हुँदैन तथापि यस सिद्धान्तले तय गरेको आधारलाइ अवलम्वन नगरिएमा कानूनको शासनको आधार र मान्यताहरु नै समाप्त हुन जाने र कानूनी अराजकता हुन सक्ने भएकोले 'कानूनको अज्ञानता क्षम्य हुँदैन' भन्ने सिद्धान्तलाई सामान्य व्यक्तिलाई समेत कानूनको ज्ञाता सरह मानेर कडाईका साथ लागु गरिन जरुरी हुन्छ यो न्यायिक वाध्यता नै हो भनी (ने.का.प २०६३ भाग ४८ अंक ११ निर्णय नं.७७९१ प्रमोद कुमार जलान बिरुद्ध शम्भुनाथ गुप्ता प्रकरण २०) सम्मानित सर्वोच्च अदालतले व्याख्या गरेको अवस्थामा कानूनको ज्ञान नभएको भनि कसूरबाट उन्मुक्ति दिनु सम्मानित सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्त समेतको प्रतिकूल भई बदरभागी रहेको छ।<br>ज) सङ्घीय आयोजना कार्यान्वयन इकाई, नेपालगञ्ज, बाँकेको मिति २०७७।१२।१९, च.नं. ७१७, प.सं. २०७७।०७८ को पत्रबाट उक्त भ्यूटावर निर्माण कार्यको कूल रु.३१,७७,९९१.५९ बराबरको मूल्याङ्कन भएको उल्लेख भएको देखिन्छ। यति ठूलो रकमको आयोजना संचालन गर्दा कानूनी प्रकृया एवं मादण्ड पूरा नगरी निर्माण गरिनुमा सार्वजनिक सम्पत्ति हिनामिना गर्ने बदनियत रहेको पुष्टि भएकोमा सो तर्फ कुनै न्यायिक विवेचना नगरी भएको फैसला त्रुटिपूर्ण छ।<br>झ) शहरी विकास तथा भवन निर्माण विभाग, बबरमहल, काठमाडौको मिति २०७९।०३।२२ च.नं. १०१४ र मिति २०७९।०४।०६, च.नं ७७९ को पत्रबाट उक्त भ्यूटावरको स्ट्रक्चरल विश्लेषण गरी राय सहितको प्रतिवेदनको लागि सो विभागका सि.डि.ई. मनोज नकर्मीको संयोजकत्वमा समिति गठन गरी सो कार्यको लागी आवश्यक परीक्षण गरी आधारभूत कागजातहरू तयार गरी सोको आधारमा सिर्जना वन उपभोक्ता समूह, कोहलपुर, बाँकेबाट कोहलपुर १२ रोहीणीमा निर्मित ८ तले भ्यूटावर स्ट्रक्चरल रूपमा सुरक्षित नभएको राय सहितको प्रतिवेदन तथा Structural Condition Assessment of a View Tower, Kohalpur-१२, Banke, Final Report on Soil Investigation Works for View Tower at Kohalpur, Banke र Report on Non Destructive Test of View Tower at Kohalpur, Banke समेतको प्रतिवेदनहरु मिसिल संलग्न रहेकोमा योजनाको रकम हिनामिना पार्ने मनसायले भ्यूटावर निर्माण गर्दा कुनै पनि कानूनी प्रावधानहरु पूरा नगरी सिर्जना सामुदायिक वन उपभोक्ता समूह, कोहलपुर-<br>१२, बाँकेको उपभोक्ता समितिका पाधिकारीहरुद्वारा भएको उक्त कार्य भ्रष्टाचारजन्य कसूर भएको पुष्टि भईरहेको छ। प्रचलित सार्वजनिक खरिद ऐन,२०६३ तथा नियमावली बमोजिम सार्वजनिक निकायबाट आर्थिक कारोबार गर्न गराउनकोलागि विशेष ऐनको रुपमा लागू भई आर्थिक अनुशासनलाई अक्षुण राख्नु पर्नेमा सरकारी वन क्षेत्रको सम्पत्ति उपभोग गर्ने,सोही सम्पत्ति नगदमा परिणत गर्ने, प्रचलित कानून बमोजिम सम्बन्धित वन कार्यालयको शर्त सम्झौता कबुलियतनामा र उक्त सरकारी सम्पत्तिको उपयोग र प्रचलन गर्दा एवं त्यसको आर्थिक स्रोतको हिसाब,स्वतःसार्वजनिक खरिद ऐन नियम बमोजिम हुने कुरामा विवाद हुन सक्दैन। यसर्थः विशेष अदालतबाट यी प्रतिवादीहरुले सिर्जना सामुदायिक वन उपभोक्ता समूहको निजी श्रोतबाट भ्यूटावर निर्माण गरेकोले सार्वजनिक खरिद ऐन,२०६३ तथा नियमावली बमोजिमको खरिद विधि र प्रकृया पालना गर्नुपर्ने कानूनी बाध्यता रहेको नदेखिएको भनि सार्वजनिक खरिद ऐन,२०६३ तथा नियमावली र भ्रष्टाचार निवारण ऐन,२०५९ लाई सापेक्ष रुपमा नहेरी सार्वजनिक पद धारण गरेको व्यक्तिले सार्वजनिक खरिद ऐनद्वारा निर्देशित कार्य नगरेमा भ्रष्टाचारजन्य कार्यहरु हुन सक्दैनन् भनि भ्रष्टाचार जस्तो गंभिर कसूरलाई सामान्य रुपमा हेरी प्रचलित सार्वजनिक खरिद ऐन तथा भ्रष्टाचार |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | निवारण ऐनको मर्म र भावना विपरीत गलत व्याख्या गरी प्रतिवादीहरुलाई सफाई दिने गरी भएको विशेष अदालतको फैसला त्रुटिपूर्ण हुँदा बदरभागी छ।<br>अतः माथि विवेचित आधार कारणहरुबाट प्रतिवादीहरु दशरथ शर्मा पराजुली, बिनु कुमारी पाण्डे र दिल माया रानालाई आरोप मागदाबीबाट सफाई दिने ठहर गरी भएको उल्लिखित फैसला त्रुटिपूर्ण देखिंदा बदर गरी निज प्रतिवादीहरु दशरथ शर्मा पराजुली, बिनु कुमारी पाण्डे र दिल माया रानालाई आरोपदावी वमोजिम बिगो तथा कसूर कायम गरी सजाय गरी पाउन। |